AQUA HUNDRED
AN ISO 9001:2008 CERTIFIED COMPANY
'नेपालको आफ्नो, नेपालमा बनेको' ०१-५३६८५५५

'विकासको सहयात्री एनआरएनए'

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली

काठमाडौं (अन्नपूर्ण) : परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले एनआरएनए नेपालको विकासका लागि सहयात्री भएको बताएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)को विशेष साधारणसभा उद्घाटन गर्दै मन्त्री ज्ञवालीले सरकारको विदेश नीतिअन्तर्गत विदेशमा रहेका नेपालीको ज्ञान र सीपलाई नेपालको विकासमा जोड्ने नीति तय गरिएको बताए। गैरआवासीय नेपाली संघ विशुद्ध सामाजिक संस्था भएकाले राजनीतिक दृष्टिकोणलाई बाहिर राखेर सहकार्य गरी अघि बढ्नुपर्नेमा जोड दिए।

उनले संकटको बेला औचित्य र भूमिका स्थापित गर्न संघ सफल भएको बताए। मन्त्री ज्ञवालीले प्रवासमा संकटमा परेका नेपालीको राहत, उद्धार र उपचारमा गैरआवासीय नेपालीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा प्रशंसा गर्दै भने, 'संकटको परीक्षामा एनआरएनए खरो रूपमा उत्रिएको छ र सफल पनि भएको छ।'

गैरआवासीय नेपालीले कोरोना भाइरसको विश्वव्यापी संक्रमणमाझ निर्वाह गरेको भूमिका प्रशंसायोग्य रहेको उनले बताए। ज्ञवालीले संकटको बीचमा पनि विदेशमा रहेका नेपाली विज्ञलाई नेपालमा जोड्ने प्रयत्न गरेको भन्दै खुसी व्यक्त गरे। विशेष महाधिवेशनलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले विदेशमा बसेर आफ्नो मेहनत र पसिनाबाट कमाएको पुँजी नेपालको समृद्धि र विकासका लागि गैरआवासीय नेपालीले योगदान गरेको बताए।

ज्योति विकासको सहयोग

काठमाडौं : ज्योति विकास बैंकले महाकाली अञ्चल अस्पताल, कञ्चनपुर र प्युठान जिल्ला अस्पताल, बिजुवार, प्युठानलाई एक/एक थान बेबी वार्मर प्रदान गरेको छ। बैंकले सामाजिक उत्तरदायित्व सम्बन्धी 'हाम्रो विकास प्रवर्द्धन कोष' बाट उक्त सहयोग गरेको हो।

महाकाली अञ्चल अस्पताल र प्युठान जिल्ला अस्पतालमा आयोजित कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्र र ज्योति विकास बैंकद्वारा संयुक्त रुपमा सो बेबी वार्मर प्रदान गरिएको हो। बेबी वार्मरले नवजात शिशुको शारीरिक तापक्रम उचित बनाई राख्न सहयोग गर्दछ।

सनराइज बैंक लिमिटेड
शाखा कार्यालय, सितापाईला

निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री यादव चन्द्र खनालको नाति/नातिनी/बुहारी, श्री राम चन्द्र खनालको छोरा/छोरी/पत्नी काठमाण्डौं जिल्ला, नागार्जुन न.पा./गा.पा. वडा नं. ०४ बस्ने केदार खनालको मिति २०७७/०५/०७ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय सितापाईलामा रहेको खाता नं. ०६१०६६०१९९२९९००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमती सुभद्रा खनालले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदावी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
हाम्रो साथ-सधैं

प्रधान कार्यालय तथा मुख्य शाखा: सनराइज प्लाजा, गैरीधारा चोक, काठमाडौं
टोल फ्रि नम्बर: [illegible], फोन: [illegible], फ्याक्स: [illegible], इमेल: info@sunrisebank.com.np

---

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४४४०११५/११६/१२३/१२४
टोल फ्रि नं. १६६००-११-३०००
Email:customercare@kamanasewabank.com
www.kamanasewabank.com

यस बैंकको बुटवल शाखा कार्यालयमा धितोमा रहेको
अचल सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७७/१०/११

यस विकास बैंकको बुटवल शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले व्यापार कर्जा शीर्षकमा उपभोग गर्नुभएको अधिविकर्ष ऋण कर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले २०७६/११/१२ मितिमा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सो ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्ति (जग्गा) जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि बैंकको लेना रकम असुल उपर गर्ने उद्देश्यले बैंकले मिति २०७७/०९/०८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने लिलामी सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरीएकोमा सो अवधिमा स्वीकार योग्य बोलपत्र नपरेकोले पुन: १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्ति (जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा आइपुग्ने गरि गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसील बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

सि. नं.	ऋणीको विवरण	फोटो	धनजमानीकर्ताको विवरण	फोटो	धितोमा रहेको सम्पतिको विवरण
१	**पर्वत एलीना कस्मेटिक पसल** ठेगाना : वालिङ न.पा. वडा नं. १, स्याङ्जा दर्ता नं. : १५४२/०७०/०७१ जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, स्याङ्जा प्यान नं. : ६०१५१९८७१ **प्रोप्राइटर : सन्तोष पराजुली** ना.प्र.नं. : २८२५१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्वत बाबु : जगदिस पराजुली बाजे : पुनाखर शर्मा ठेगाना: रानीपानी-४, पर्वत हाल, वालिङ-१, स्याङ्जा कर्जा शीर्षक : व्यापार ओभरड्राफ्ट कर्जा		**प्रकाश पराजुली** ना.प्र.नं. : ५१३०४२/२४१ जारी गर्नेकार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्वत बाबु : जगदिश पराजुली बाजे : पुनाखर शर्मा ठेगाना : रानीपानी-४, पर्वत हाल, वालिङ-१, स्याङ्जा **जगदिस पराजुली** ना.प्र.नं. : १८० जारी गर्नेकार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्वत बाबु : पुनाखर शर्मा बाजे : महेश्वर पराजुली ठेगाना : रानीपानी-४, पर्वत हाल, वालिङ-१, स्याङ्जा	 	सन्तोष पराजुलीको नाममा मालपोत कार्यालय वालिङ, स्याङ्जामा दर्ता कायम रहेको वालिङ न.पा. वडा नं. ४ नक्सा सिट ४ स्थित निम्न जग्गा कित्ता नं / क्षेत्रफल २०६० / ०-३-०-० (९५.३९ वर्ग मी.) २०६१ / ०-३-०-० (९५.३९ वर्ग मी.) २०६२ / ०-३-०-० (९५.३९ वर्ग मी.) जग्गा तथा सम्पूर्ण लिगलगापात समेत सन्तोष पराजुलीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको मर्गोलिया गा.वि.स./न.पा. वडा नं. २ नक्सा सिट २क स्थित निम्न जग्गा कित्ता नं / क्षेत्रफल ७ / ०-२-३-० (७२७.९५ वर्ग मी.) जग्गा तथा सम्पूर्ण लिगलगापात समेत

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वर वा बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत जग्गा खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्ने छ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट बैंकको केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समयसीमा भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको चल-अचल सम्पत्ति के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ।
४. बोलपत्र पेश गर्दा सबै कित्ता वा कुनै कित्ता अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
७. पर्न आएका बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले १५ दिन भित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति(जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पुन : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।
११. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय,काठमाडौं-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लिखित ऋणी (प्रोप्राइटर)/धितो जमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको सरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मिति: २०७७/१०/२५ गते र बोलपत्र खोलिने मिति: २०७७/१०/२६
समय: दिनको ३:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, काठमाडौं-३०, ज्ञानेश्वर

कृषिमा विदेशी लगानीको विरोध

इलाम (अन्नपूर्ण) : कृषिमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउन सरकारले गरेको पछिल्लो निर्णयको विरोधमा शुक्रबार इलामसहित ५९ जिल्लाका कृषक समूहले जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाएका छन्। राष्ट्रिय कृषक समूह महासंघको अगुवाइमा ५९ जिल्लाका राष्ट्रिय कृषक समूह महासंघका जिल्ला कार्यसमितिले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्रीलाई ज्ञापनपत्र बुझाएको महासंघकी सूचना अधिकृत प्रतिमा पराजुलीले जानकारी दिइन्। इलाममा महासंघको जिल्ला समितिका अध्यक्ष विष्णुप्रसाद दुलालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाईमार्फत ज्ञापनपत्र पठाएका थिए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो जतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै वास्ता नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०७० तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सरोकारवाला सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) रमेश प्रसाद चौरसिया
स्थायी ठेगाना: पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं. ४
हालको ठेगाना: पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. १
बाबु: चेतमन राउत बरै
बाजे: देवनारायण राउत बरै

जमानीकर्ताको विवरण

१) सविता देवी चौरसिया
स्थायी ठेगाना: पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं. ४
हालको ठेगाना: पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं. १
बाबु: जगरनाथ राउत बरै
ससुरा: चेतमन राउत बरै
पति: रमेश प्रसाद चौरसिया

धितोको विवरण

१) देवनारायण राउत बरैको नाति, चेतमन राउत बरैको छोरा, पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं.४, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं.१ बस्ने रमेश प्रसाद चौरसियाको नाममा मालपोत कार्यालय बिरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं.४ (हाल पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं.१) स्थित कित्ता नं. ३५६ र ३५८ को क्षेत्रफल क्रमश: ८१ र ७६.५ (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

२) जगरनाथ राउत बरैकी छोरी, चेतमन राउत बरैकी बुहारी, रमेश प्रसाद चौरसियाकी पत्नि पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं.४, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं.१ बस्ने सविता देवी चौरसियाको नाममा मालपोत कार्यालय पर्सा, बिरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं. ४ (हाल पर्सा जिल्ला, कालिकामाई गा.पा. वडा नं.१) स्थित कित्ता नं. ३५७ को क्षेत्रफल ८४.६५ (व.मी.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

क्र.सं. २)

ऋणीको विवरण

सन्तोष प्रसाद
स्थायी ठेगाना: पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ६
हालको ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. २७
बाबु: संघीत राउत कुर्मी
बाजे: हनुमान राउत कुर्मी

जमानीकर्ताको विवरण

सीता देवी
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. २७
बाबु: मोतीलाल राउत कुर्मी
ससुरा: संघीत राउत कुर्मी
पति: सन्तोष प्रसाद

धितोको विवरण

हनुमान राउत कुर्मीको नाति, संघीत राउत कुर्मीको छोरा पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं २७ बस्ने सन्तोष प्रसादको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं ९ (हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं ३) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल १६०३.१५ (व.मि.) र पर्सा जिल्ला, भिस्वम्पुर गा.वि.स. वडा नं १ (हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं २) स्थित कित्ता नं. २५ को क्षेत्रफल १८६० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

क्र.सं. ३)

ऋणीको विवरण

मुकेश कुमार कुशवाहा
स्थायी ठेगाना: पर्सा जिल्ला, भिस्वा गा.वि.स., वडा नं. ८
हालको ठेगाना: पर्सा जिल्ला, छिपहरमाई गा.पा., वडा नं. ५
बाबु: रामजी महतो कोइरी
बाजे: चोकट महतो कोइरी

धितोको विवरण

रामबृक्ष महतो कोईरीको नाति, चोकट महतो कोइरीको छोरा, पर्सा जिल्ला, भिस्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, छिपहरमाई गा.पा., वडा नं. ५ बस्ने रामजी महतो कोइरीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, तुलसी बर्वा गा.वि.स., वडा नं. ४ (हाल पर्सा जिल्ला, छिपहरमाई गा.पा., वडा नं. ४) स्थित कित्ता नं. ११० को क्षेत्रफल ४४३.१० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) रामजी महतो कोइरी
स्थायी ठेगाना: पर्सा जिल्ला, भिस्वा गा.वि.स., वडा नं. ८
हालको ठेगाना: पर्सा जिल्ला, छिपहरमाई गा.पा., वडा नं. ५
बाबु: चोकट महतो कोइरी
बाजे: रामबृक्ष महतो कोईरी

२) भवानी देवी कोईरीनी
स्थायी ठेगाना: पर्सा जिल्ला, भिस्वा गा.वि.स., वडा नं. ८
हालको ठेगाना: पर्सा जिल्ला, छिपहरमाई गा.पा., वडा नं. ५
बाबु: जगरनाथ महतो कोइरी
ससुरा: चोकट महतो कोइरी
पति: रामजी महतो कोइरी

क्र.सं. ४)

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्रा.फ.र.नं. ६२७/०६६/०६७ अन्तर्गत मिति २०६६/०५/२४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, बरहथवा गा.वि.स वडा नं. ८ स्थित **श्री कृष्ण ट्रेडर्स**

प्रोप्राईटर तथा जमानीकर्ता: विजय कुमार झा
स्थायी ठेगाना: सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३
हालको ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ८
बाबु: जगन्नाथ झा
बाजे: नार कण्डे झा

जमानीकर्ताको विवरण

रबी देवी झा
स्थायी ठेगाना: सर्लाही जिल्ला, गोडैता गा.व.स.वडा नं. ३
हालको ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ८
बाबु: चन्द्रमोहन मिश्रा
ससुरा: जगन्नाथ झा
पति: विजय कुमार झा

धितोको विवरण

१) सवारी मोडल: XENON YODHA SC 4X2 -2018 | च्यासिस नं.: MAT464602JSR14805 | ईन्जिन नं.: 4SPCR10HRY646818 | सवारी दर्ता नं.: ना ४ च ९३५५
२)श्री कृष्ण ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं. ५)

ऋणीको विवरण


समसुदीन मिया धुरिहार
स्थायी ठेगाना: पर्सा जिल्ला, लंगाडी गा.वि.स.वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा वडा नं. ४
बाबु: सोवराती मिया
बाजे: खुदी मिया

जमानीकर्ताको विवरण


अरिला खातुन
स्थायी ठेगाना: पर्सा जिल्ला, लंगाडी गा.वि.स.वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा वडा नं. ४
बाबु: मोल्लाज मिया धुरिहार
ससुरा: सोवराती मिया
पति: समसुदीन मिया धुरिहार

धितोको विवरण

मोल्लाज मिया धुरिहारकी छोरी, सोवराती मियाकी बुहारी, समसुदीन मिया धुरिहारकी पत्नि पर्सा जिल्ला, लंगाडी गा.वि.स.वडा नं. ९, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबिनी गा.पा वडा.नं. ४ बस्ने अरिला खातुनको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगाडी गा.वि.स. वडा नं. ८ (हाल धोबिनी गा.पा वडा.नं. ४), स्थित कित्ता नं. ३८५ को क्षेत्रफल २१७.७१ (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत

क्र.सं. ६)

ऋणीको विवरण

(१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा प्रा.फ.द.नं. १०१/०७१/०७२ अन्तर्गत मिती २०७१/०४/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १०, स्थित **स्टायलिस्ट**

प्रोप्राईटर तथा जमानीकर्ता: सावित्री मल्ल गौतम
स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वाड नं. ४
हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४
बाबु: कोष बहादुर मल्ल
ससुरा: देव बहादुर गौतम
पति: देवेन्द्र बहादुर गौतम

जमानीकर्ताको विवरण

देवेन्द्र बहादुर गौतम
स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वाड नं. ४
हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४
बाबु: देव बहादुर गौतम
बाजे: छविलाल गौतम

ऋणीको विवरण


२) देवेन्द्र बहादुर गौतम
स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वाड नं. ४
हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४
बाबु: देव बहादुर गौतम
बाजे: छविलाल गौतम

जमानीकर्ताको विवरण


सावित्री मल्ल गौतम
स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वाड नं. ४
हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४
बाबु: कोष बहादुर मल्ल
बाजे: देव बहादुर गौतम
ससुरा: देवेन्द्र बहादुर गौतम

धितोको विवरण

१) छविलाल गौतमको नाति, देव बहादुर गौतमको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स वाड नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरपुर म.न.पा वडा नं. ४ बस्ने देवेन्द्र बहादुर गौतमको नाममा मालपोत कार्यालय चनौली बजार चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं. ३ख (हाल भरतपुर म.न.पा. वडा नं. २३) स्थित कित्ता नं. ५६ र १३ को क्षेत्रफल क्रमश: ०-१-१३.५०-० र ०-५-६-० (बिगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) स्टायलिस्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं. ७)

ऋणीहरुको विवरण

पारस प्रसाद कुर्मी
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला धोबिनी गा.पा वडा.नं. ३
बाबु: कमल राउत कुर्मी
बाजे: साहेब राउत

धितोको विवरण

प्रसाद राउतको नाति, साहेब राउतको छोरा, पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबिनी गा.पा वडा.नं. ३ बस्ने कमल राउत कुर्मीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ८, स्थित कित्ता नं ७९ को क्षेत्रफल १३८.७५ (व.मि) र वडा नं. ५ स्थित कित्ता नं ९३ को क्षेत्रफल ३९२५ (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) माया देवी
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा. वडा.नं. ३
बाबु: राजेन्द्र राउत
ससुरा: कमल राउत कुर्मी
पति: पारस प्रसाद कुर्मी

२) सावन कुमार पटेल
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा वडा.नं. ३
बाबु: पारस प्रसाद कुर्मी
बाजे: कमल राउत कुर्मी


३) कमल राउत कुर्मी
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा वडा.नं. ३
बाबु: साहेब राउत
बाजे: प्रसाद राउत

४) बुधिया देवी
स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ९
हालको ठेगाना: पर्सा जिल्ला, धोबिनी गा.पा. वडा.नं. ३
ससुरा: साहेब राउत
पति: कमल राउत कुर्मी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।